



# प्रतिनिधि सभा निर्वाचन-२०८२ का मूल प्रतिबद्धता



पिपुल फर्ष्ट पार्टी

सुर्यविनायक नगरपालिका वडा नं ४

भक्तपुर

# पिपुल फर्ष्ट पार्टीनै किन ?

## (प्रतिनिधि सभा निर्वाचन-२०८२ का मूल प्रतिबद्धता )

**१.जेन जी आन्दोलनको मर्म र मुद्दा संबोधन गर्न नयाँ पार्टी**

पिपुल फर्ष्ट पार्टीभाद्र २३-२४ गतेको जेन-जी आन्दोलनपछि स्थापित नयाँ पार्टी हो । यसले नयाँ चिन्तन र चेतना, ताजा सोच र नवयुवा भावनाको प्रतिनिधित्व गर्दछ। यो पार्टी २०८२ मंसिर ५ गते निर्वाचन आयोगमा दर्ता, पुष ४-५ गते भक्तपुरमा स्थापना अधिवेशन गरी बनेको हो।

फाल्गुन २१ गतेको चुनावमा भाग लिइरहेका अधिकांश पार्टी 'पुरानै' हुन । तिनले जेन जी आन्दोलनको मर्म, भावना र सवाललाई आत्मसात गरेका छैनन् । कथित रुपमा नयाँ दाबी गर्ने केही दल हिजो पुरानैसंग सत्ताको भागभन्डामा लिप्त थिए। एक दुई थान मन्त्री पदका लागि स्वार्थबझान हुने गरी कांग्रेस-कम्युनिष्ट कै घरघरमा कटौरा थाप्दै हिड्नु र आज आफूलाई नयाँ दाबी गर्नु निर्लज्जता हो ।

पिपुल फर्ष्ट पार्टीको चुनावचिन्ह दुई औला खुलेको, तीन औला बन्द भएको हातको आकृति 'विजय प्रतिक' हो । खुलेका दुई औलाको अर्थ-स्वशासन र सुशासनमार्फत् सबैको स्वाभिमान, सबैको संमृद्धि हासिल गरी 'नागरिक प्रथम' बनाउनु हो । बन्द तीन औलाको अर्थ सबै प्रकारका 'विभेद','वेथिति' र 'विपन्नता' अन्त्य गर्नु हो ।

**२.उन्नत लोकतन्त्रको अभ्यास, नागरिकतन्त्रमा विश्वास**

पिपुल फर्ष्ट पार्टी थप एक थान राजनीतिक दल मात्र हैन, नागरिक प्रथम अभियानको चुनावी मोर्चा हो । पार्टीको दीर्घकालिन लक्ष्य- १.नागरिक चरित्र निर्माण, २. राज्य-चरित्रको नागरिकमैत्री रुपान्तरण ३.बहुसाँस्कृतिकतावादी राष्ट्रियता र एकतामा योगदान गर्नु हो ।

पिपुल फर्ष्ट पार्टी पद, प्रतिष्ठाका लागि हैन, एक मिसन हो । अल्पकालिन हैन, दीर्घकालिन भिजन हो । यो पार्टीले २०७२ सालको संविधानलाई उन्नत लोकतन्त्रका लागि अपर्याप्त ठान्दछ । शाकसीय स्वरुप, निर्वाचन प्रणाली, संघीयताको प्रारुप र प्रशासनिक संरचनामा व्यापक संवैधानिक सुधार चाहन्छ ।

लोकतन्त्र अहिले दलतन्त्र, नेतातन्त्र, अल्पतन्त्र, परिवारतन्त्र, वंशतन्त्र, विचौलियातन्त्र र सिन्डिकेटतन्त्रजस्ता विकृति र संगतिमा फसेको छ । यसको समूल अन्त्य बिना लोकतन्त्र सफल हुन सक्दैन । भाद्र २३-२४ गतेको जनबिद्रोहको प्रष्ट सन्देश यही हो ।

पिपुल फर्ष्ट पार्टी ले लोकतान्त्रिक क्षयीकरण र विचलनलाई अन्त्य गर्दै लोकतन्त्रको लोकतान्त्रिकरणमार्फत् नागरिकतन्त्र स्थापित गर्ने सोच राखेको छ । राष्ट्रिय जीवनका मुख्य पाँच क्षेत्र राजनीति, प्रशासन, अर्थतन्त्र, समाज व्यवस्था र अन्तर्राष्ट्रिय सम्बन्धमा नागरिकको सर्वोच्चता र केन्द्रियता स्थापित गर्नु नै पिपुल फर्ष्ट पार्टी को लक्ष्य हो ।

**३. न दायाँ, न बायाँ न पछाडि, सधै ठीक र अगाडि**

अन्य दलमध्ये कतिले आफूलाई बामपन्थी अर्थात् देब्रे हिड्ने, कतिले दक्षिणपन्थी अर्थात् दाइनेतिर हिड्ने, कतिले पश्चगामी अर्थात् पछाडि फर्किने. दाबी गर्छा । पिपुल फर्ष्ट पार्टी मात्रै देशको एउटा यस्तो पार्टी हो, जो बामपन्थी, दक्षिणपन्थी, मध्यपन्थी वा पश्चगामी हैन भन्ने खुल्ला घोषणा र दाबी गर्दछ । हामी अग्रपन्थ ( **Frontism** )मा विश्वास गर्ने पार्टी हौं । न दायाँ न बायाँ न पछाडि सधै तथ्यसंगत र अगाडि ( **Neither left, Nor Right or back, always Fact Based and Forward**) हाम्रो मूल मन्त्र हो । पिपुल फर्ष्ट पार्टी ले इतिहासको सम्मान गर्छ, तर, इतिहासका पूर्वाग्रहमा अल्झिएर समाजलाई विभाजित गर्न चाहदैन, भबिष्यका सपनामा एकताबद्ध हुन चाहन्छ । हामी 'इतिहासले विभाजित र भबिष्यले एकता' (**History divides, future Unites**) गर्ने मान्यतामा विश्वास गर्छौं ।

**४. दलतन्त्र, नेतातन्त्रको अन्त्यः दलीय प्रणालीमै नागरिक सर्वोच्चता**

'दलीय प्रणाली' र 'दलतन्त्र', 'नेतातन्त्र' भन्नु फरक कुरा हो । विद्यमान दलीय प्रणालीमा मौलाका दलतन्त्र/नेतातन्त्रका विकृति हटाउन पिपुल फर्ष्ट पार्टी ले राजनीतिक दल सम्बन्धि ऐन, निर्वाचन ऐन, निर्वाचन कसुर दंड सजाय ऐनमा १८ बुँदे संशोधन प्रस्ताव अघि सारेको छ । जेन जी आन्दोलन अघि नै नागरिक प्रथम अभियानको तर्फबाट यी माग राष्ट्रपति रामचन्द्र पौडेल र तत्कालिन प्रमुख निर्वाचन आयुक्त दिनेश थपलिया समक्ष प्रस्तुत गरिएका थिए ।

निर्वाचन आयोगको सदासयताको बाबजुद केपी शर्मा ओली नेतृत्वको कांग्रेस-एमाले गठबन्धन सरकारले विधेयक मस्यौदा लुकाएर राख्यो । दूर्भाग्यको कुरा- अन्तरिम नागरिक सरकार भनिएको शुसिला कार्की नेतृत्वको सरकारले पनि त्यसलाई अघि बढाउन सकेन ।

ती १८ बुँदा हुन- १. पार्टी सदस्य सार्वभौम हुने गरी राजनीतिक दलको नागरिकमैत्री रुपान्तरण, २. राजकीय पदको मनोनयनका लागि अनिवार्य प्राइमरी, ३. राजनीतिक दललाई आधारभूत खर्चका लागि स्टेट फन्डिङ र अपारदर्शी चन्दा संकलन प्रतिबन्ध ४. राजनीतिक दलको कोष महालेखा परिक्षक र रजिष्टर्ट चार्टड एकाउन्टेन्टबाट दोहोरो लेखा परिक्षण, पार्टी कोषमा हुने हिनामिना राज्यकोष सरह भ्रष्टाचार मानिने र दंडनीय हुने व्यवस्था ५. राजनीतिक दलहरुको विधान र आधारभूत लोकतान्त्रिक अभ्यासको एउटै ढाँचा ६. निर्वाचन खर्च अनुगमन सेलको स्थापना, निर्धारित भन्दा बढी खर्च गरिएको भए उम्मेद्वारी र विजयी पद खारेज हुने कानुनी व्यवस्था, ७.गैरदलीय स्थानीय निर्वाचन, स्थानीय निर्वाचनमा फरकफरक मतपत्र ८. एउटा दलको सदस्य अर्को दलबाट उम्मेद्वार हुन नपाउने व्यवस्था ९.दलीय सार्वभौमसत्ताको सम्मान र राज्यद्धारा दलहरुप्रति समान व्यवहार १०. अध्यादेशबाट दल विभाजन हुन नसक्ने व्यवस्था ११. पार्टी सदस्य बीचबाट नेतृत्वको प्रत्यक्ष निर्वाचन, १२.दलका संस्थागत निर्णायाधिकार व्यक्तिमा प्रत्यायोजन हुन नसक्ने व्यवस्था, १३. दलीय संरचनामा अनुपातिक समावेशिता १४ं. समानुपातिक थ्रेसहोल्डको खारेजी, प्राकृतिक थ्रेसहोल्डको कार्यान्वयन, १५. निजामति कर्मचारी, शिक्षक, प्राध्यापक, निगम कर्मचारी आदि सरकारी बेतनधारी क्षेत्रमा दलीय ट्रेड

युनियनको खारेजी, निजी क्षेत्रमा 'सहभागितामुलक व्यवस्थापन' प्रचलनको स्थापना, १६. दल र राज्यका राजनीतिक पदमा सबै तहमा एक व्यक्ति, दुई कार्यकालको व्यवस्था १७. मतपत्रमा नो भोटको व्यवस्था, जनादेश विपरित कार्य गर्ने जनप्रतिनिधिमाथि 'राइट टु रिकल' आकर्षित हुने कानुनी व्यवस्था,१८. विदेशमा बस्ने तथा अपायक मतदाताका लागि डिजिटल भोटिङ वा अर्ली भोटिङको व्यवस्था । पार्टी यसको दृढ पैरवी मात्र हैन, आफ्नो पार्टी जीवनमा अभ्यास समेत गर्दछ ।

**५. नागरिक आयोग र जनलोकपाल**

पिपुल फर्ष्ट पार्टी ले विगत दशक यताका सबै भ्रष्टाचार काण्ड, राजकीय पदमा रहेका व्यक्तिद्धारा भएका आर्थिक अनियमिता, अबैध सम्पति आर्जन, सम्पति शुद्धिकरणका घटनाको छानविन गर्न उच्चस्तरीय नागरिक आयोग आवश्यक ठानेको छ । साथै, दीर्घकालिन समाधानका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई जनलोकपाल ( पब्लिक अम्बुड्स्म्यान )को अवधारणाअनुरुप पुनर्गठन तथा रुपान्तरण गर्न पर्दछ ।

**६.अन्त्योदयः दलितका दश सवाल**

शताब्दिऔंदेखि सामाजिक, सांस्कृतिक, धार्मिक, राजनीतिक तथा आर्थिक विभेदमा पारिएको मुख्य समुदाय दलित समुदाय हो । पिपुल फष्ट पार्टीले 'अन्त्योदयमार्फत् सर्वोदय' को परिकल्पना गरेको छ । यसका लागि 'दलितका दश' सवाल पहिचान गरी अन्त्योदय आन्दोलनको परिचालन गरिरहेको छ ।

**७. संघीयताको सबलीकरण, जिल्ला तहको खारेजी र पूर्ण समानुपातिक समावेशिता**

संघवादको सिद्धान्त अनुरुप प्रदेशको सीमांकन, नामांकन मिलेको छैन । वित्तिय तथा प्रशासनिक संघियता लागू भएको छैन । प्रदेशको शासकीय स्वरुप उपयुक्त छैन । जिल्ला तहको संचरना कायम राखिदा पालिका र प्रदेशको महत्व कमजोर भएको छ । जिल्लाले गर्दै आएका 'सबै कार्यकारी अधिकार पालिकामा, सबै समन्वयकारी अधिकार प्रदेशमा' हुने गरी ७७ जिल्ला खारेज गरिनु पर्दछ । हरेक पालिकासंग अहिलेको जिल्लाको जस्तै अधिकार हुनु पर्दछ ।

पहिचान र अधिकारका आन्दोलन, बहुसाँस्कृतिकतावादको सिद्धान्त र वित्तिय तथा प्रशासनिक संघीयताको मान्यता अनुरुप प्रदेश र प्रदेश सभाको पुनर्गठन गरिनु पर्दछ भन्ने पिपुल फर्ष्ट पार्टी को मान्यता छ ।

राज्य र दलीय संरचनमा आदिवासी, जनजाति, मधेसी, थारु, दलित, मुस्लिम, अल्पसंख्यक, महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक र अपाङ्गता भएका नागरिकको पूर्ण समानुपातिक समावेशिता हुनु पर्दछ । 'जस्तो समाज त्यस्तै पार्टी, जस्तो पार्टी त्यस्तै राज्य' का मान्यता अनुरुप पिपुल फर्ष्ट पार्टी ले पूर्ण समानुपातिकताको सोच पार्टीभित्र लागू गरिसकेको छ ।

**८.मुस्लिम लगायत अल्पसंख्यक धार्मिक समुदायको सम्मान र सुरक्षा**

लोकतन्त्र भनेको बहुसंख्यावाद हैन, लोकतान्त्रिक राज्यमा अल्पसंख्यक जातीय, भाषिक, सांस्कृतिक तथा धार्मिक समुदायको उत्तिकै सम्मान हुनु पर्दछ भन्ने पिपुल फर्ष्ट पार्टीको प्रतिबद्धता छ । मुस्लिम, इसाइलगायत सबै धार्मिक अल्पसंख्यक समुदायको सम्मान, सुरक्षा, सहभागिता र साझेदारीलाई पिपुल फर्ष्ट पार्टीले उच्च महत्व दिने छ ।

**९.कर कटौती र कर मुक्त कम्पनी**

अहिले ४० भन्दा बढी कर दस्तुर लादिएका छन । कानुनी झमेला र कर भारले गर्दा आर्थिक गतिविधि शिथिल भएका छन । देशभित्र मर्यादित रोजगारको अभाव भइरहेको, रोजगारका लागि ठूलो श्रम शक्ति विदेशिनु पर्ने बाध्यताबीच उद्यमशीलतालाई प्रबद्र्धन गर्न पर्दछ ।

पिपुल फर्ष्ट पार्टी भन्सार, भ्याट, उत्पादित सेवा दस्तुर, रोयल्टी र आयकर बाहेक सबै कर दस्तुर खारेज गर्ने पक्षमा छ । पिपुल फर्ष्ट पार्टी ले राज्यका तीन तह बीच कर अधिकारको वर्गिकरण र एकिकृत कर प्रशासनमार्फत कर झमेला र भारको अन्त्य गर्ने छ । भन्सार र कर्पोरेट आयकर संघको, भ्याट प्रदेशको, रजिष्ट्रेशन स्थानीय तहको र उत्पादित सेवा दस्तुर जुन तहको सरकारको हुने हो, उसैको हुने गरी वित्तिय संघीयता लागू गरिने छ ।

नयाँ कम्पनीहरुलाई ५ बर्षसम्म कुनै प्रकारको कर नलाग्ने, कम्पनी दर्ता र लिक्विडेसनलाई सहज बनाउनु पर्दछ । नागरिकलाई उद्यमशील बन्न प्रेरित गरिने छ । असफलताबाट सिक्ने र अघि बढ्ने अवसर दिइनु पर्दछ । पुँजी र कारोवार क्षमता तथा क्षेत्रका आधारमा वर्गिकरण गरी कम्पनी दर्ता पालिका, प्रदेश र संघ तीन तहमै हुने प्रचलन स्थापित गरिने छ । कुनै एक तहको राज्यले कर लिइरहेको व्यवसायसंग अर्को तहको राज्यले कर लिन नपाउने व्यवस्था गरिने छ ।

**१०.सानो आकारको छरितो सरकारः इ-गवर्नेन्स**

पिपुल फर्ष्ट पार्टी सानो र छरितो सरकारको सिद्धान्त बमोजिम सरकारको आकार कटौतीको पक्षमा छ । ७७ जिल्ला खारेज गरेसंगै प्रशासनिक खर्चमा ठूलो कटौती हुने छ । जिल्ला संरचना सीमाका कारण विभक्त पालिका एकिकृत हुँदा पालिकाको संख्या ७५३ बाट अझै घटेर ५०० हाराहारी हुने छन । पालिका प्रमुख उपप्रमुखको सभालाई नै प्रदेश सभाको मन्यता दिँदा भिन्नै प्रदेश सभा आवश्यक पर्ने छैन । प्रदेशमा मुख्यमन्त्री र प्रदेश प्रमुखमध्ये एक पद राखी प्रत्यक्ष निर्वाचित गरिने छ । संघीय संसदको आकार २५१ कायम गरिनु पर्दछ ।

शसस्त्र र जनपद प्रहरिलाई एउटै प्रहरि संगठनमा राख्न सकिन्छ । अन्य थुप्रै प्रशासनिक संरचना कटौती गरी चालु खर्चलाई बार्षिक बजेटको ४० प्रतिशतभन्दा मुनि कायम गरिनु पर्दछ भन्ने पिपुल फर्ष्ट पार्टी को धारणा छ ।

ब्लक चेन प्रणाली अनुरुप सबै प्रशासनिक सेवालाई डिजिटलीकरण र एकिकरण गर्दै लगिनु पर्दछ ।

**११.कृषि तथा आवास प्राधिकारण, सार्वभौम नागरिक कोषको व्यवस्था**

पिपुल फर्ष्ट पार्टी ले  विद्युत प्राधिकरण जस्तै थप दुई वटा प्राधिकरण गठन गर्ने आवश्यक ठानेको छ । ती हुन कृषि सेवा प्राधिकरण र आवास प्राधिकरण । कृषि सेवा प्राधिकरणले बजार नपाएका वा समर्थन मूल्यभन्दा कम बजार मूल्य पाएका कृषि वस्तुको खरिद केन्द्र स्थापना र  बजारीकरण गर्ने छ । अन्य

कृषि सेवा सहज बनाउने र विस्तार गर्ने छ । आवास प्राधिकरणले आधुनिक अपार्टमेन्ट बनाएर सुकुम्बासी, दलित, भूमिहीन, गरिब र न्यून आय वर्गका जनतालाई आवास सुविधा दिने छ । यसरी नागरिकलाई घरघडेरी जोड्न पर्ने चिन्ताबाट मुक्त  गरिने छ ।

साथै, राष्ट्रिय सम्पतिहरुको आयलाई एउटै कोषमा बाँधी प्रत्येक नागरिकको बैंक खातामा सिधै राष्ट्रिय लाभांश ( नेसनल डिभिटेन्ड ) प्रदान गरिने छ । यस्तो कार्यका लागि सार्वभौम नागरिक कोष ( सोभरिन सिटिजन फन्ड ) गठन गरिने छ ।

**१२.सामाजिक सुरक्षा बृद्धि, मानवकेन्द्रित विकासमा जोड**

पिपुल फर्ष्ट पार्टी जेष्ठ नागरिक, एकल महिला, लोपोन्मुख तथा अल्पसंख्यक समुदाय, अपाङ्गता भएका नागरिकलाई दिइँदै आएको सामाजिक सुरक्षा भत्ता बृद्धि गरिनु पर्ने धारणा राख्दछ । पारिवारिक विघटन र जेष्ठ नागरिकका समस्यालाई दृष्टिगत गर्दै सुविधायुक्त निशुल्क बृद्धाश्रम निर्माण गरिने छ । सुविधायुक्त 'जेष्ठ नागरिक सेवा गृह' निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्साहित र अनुमति दिइने छ।

अनाथ तथा सडक वालवालिकाको उद्दार र  महिला सुरक्षा संयन्त्रलाई बलियो बनाइने छ । बालश्रम निषेध कार्यान्वयन अनुमान प्रभावकारी हुनु पर्दछ । आवासहीन सडक नागरिकहरुको उद्दार गरिरहेका संस्थाहरुलाई बिशेष अनुदान दिइने छ ।

विकास प्राथमिकताको जोड 'भौतिक विकास' मात्र नभएर 'मानवविकास' केन्द्रित हुने छ ।

**१३.सार्वजनिक शिक्षा, स्वास्थ्य सेवाको सवलीकरण**

निजी र सार्वनजिक शिक्षा र स्वास्थ्यमा रहेको गुणस्तर भिन्नताको अन्त्य गर्न संभव सबै उपाय अबलम्बन गरिनेछ ।  सार्वजनिक विद्यालय र स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन र गुणस्तर बृद्धि गर्न कुनै कसर बाँकी राखिने छैन ।

**१४. निजी क्षेत्रको सुरक्षा, उद्यमशीलतालाई सम्मान, वित्तिय शोषणको अन्त्यका लागि सामाजिक बजार अर्थतन्त्र**

पिपुल फर्ष्ट पार्टी निजी, सरकारी, सहकारी र सामुदायिक स्वामित्वको गतिशील तथा औचित्यपूर्ण सन्तुलनमा आधारित सामाजिक बजार अर्थतन्त्रमा विश्वास गर्दछ । पिपुल फष्र्ट पार्टीले नागरिकको निजी सम्पति, निजी

क्षेत्रको मुनाफा, श्रमिक वर्गको मर्यादित रोजगार र आयस्तर अधिकारलाई उच्च सम्मान गर्द छ। निजी क्षेत्रको सुरक्षालाई पूर्ण प्रत्याभूति गरिनु पर्दछ ।

यो पार्टी आसेपासे पुँजीवाद, संरक्षणवाद, राज्यवाद, नवउदारवादी बेथिति, कार्टेल वा सिन्डिकेटवाद, धनकुबेर र शक्ति सम्भ्रान्तको साँठगाँठ आधारित आर्थिक तथा वित्तिय अल्पतन्त्रको भने पूर्णतः विरोधी हो । उदारीकरणसंगै स्वच्छ आर्थिक प्रतिस्पर्धाको अर्थनीतिबाट मात्र उपभोक्ता हित परिपूर्ति हुन सक्ने विश्वास गर्दछ । पार्टीले उद्यमशीलतालाई उच्च सम्मान गर्नेछ ।

पिपुल फर्ष्ट पार्टी सहकारी ठगी, वित्तिय अराजकता, अनुशासनहीता, अनौपचारिक तथा अबैध अर्थतन्त्र, कालाबजारीजस्ता कथित खुल्ला बजार अर्थतन्त्रका समस्या विरुद्ध निर्ममतापूर्वक उभिने छ । स्वच्छ, प्रतिस्पर्धी र पारदर्शी अर्थतन्त्र पार्टीको प्रतिबद्धता हो । पिपुल फर्ष्ट पार्टीअरु जस्तो ‘धनी-गरिब बराबर’ बनाउने वा ‘धनीको मात्रै हित’ गर्ने पार्टी हैन, ‘सबैलाई धनी’ बनाउन प्रयास गर्ने पार्टी हो ।

पार्टी वातावरणमैत्री ‘हरित अर्थतन्त्र’ मा विश्वास गर्दछ । कार्बन उत्सर्जन कटौती, ओजन तहको रक्षा, विश्व तापमान बृद्धि र जलवायू परिवर्तनको समायोजन, नविकरणीय उर्जा प्रयोग, वातावरणीय दीगोपनप्रति पार्टीको पूर्णप्रतिबद्धता रहने छ ।

**१५.भूराजनीति हैन, भूअर्थनीति**

अन्य सबै पार्टी भूराजनीतिको कुरा गर्छन, पिपुल फर्ष्ट पार्टी भूअर्थनीतिको चिन्तन गर्छ । विदेश सम्बन्धको आधार नागरिक विचारधारा र शासकीय सहजता हैन, आर्थिक अवसर र नागरिक संमृद्धिमा योगदान हुनु पर्दछ । भूमण्डलीकरणको युगमा विश्व आपूर्ति र मूल्य प्रणालीसंग नजोडिइकन कुनै पनि देशले आर्थिक संमृद्धि हासिल गर्न सकिँदैन । विदेश नीतिको सम्बन्ध छिमेकी र मित्र राष्ट्रहरुको निन्दा, गाली र शत्रुतासंग हैन, सम्मानजक साझेदारीमा हुन्छ ।

पिपुल फर्ष्ट पार्टी का लागि अन्तर्राष्ट्रिय सम्बन्धको आधार नागरिक हित हो । नागरिकको हित नै राष्ट्रको हित हो । नागरिक र राष्ट्रको हितभन्दा बाहिर राज्यको हित खोजियो भने त्यो शासक वर्गको हित मात्र हुन्छन । त्यो नागरिक-नागरिक सम्बन्ध नभएर शासक-शासक सम्बन्ध मात्र बन्न पुग्दछ ।

बहुपक्षीयतामा सार्थक संलग्नता र बहुध्रुबीयतामा रणनीतिक स्वायक्तता पिपुल फर्ष्ट पार्टीको विदेश नीति हो । यस्तो विदेश नीतिमा विश्वास गर्ने पिपुल फर्ष्ट पार्टी एक मात्र पार्टी हो ।

सबैको संमृद्धि, सबैको स्वाभिमान, राज्य सत्तामा सबैको पहुंच समान ।

सुनिश्चितताका लागि विजय प्रतीकमा मतदान

जय नागरिक !